# MBBS / BDS अध्यनरत विद्यार्थी भाइबहिनीहरूका लागि

## एसोसिएसन अफ प्राईभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपालको तर्फबाट जनहितमा जारी सूचना

तपाईंहरूले आफ्नो विवेक प्रयोग गरेर एउटा कुरा स्पष्ट रूपमा बुझ्न आवश्यक छ कि इन्टर्नशिप MBBS/BDS अध्ययनको अनिवार्य तथा अभिन्न अंग हो। तपाईंहरू कलेजमा भर्ना हुँदा नै ४.५ वर्षको सैद्धान्तिक अध्ययन (Theoretical) र त्यसपछिको १ वर्ष अनिवार्य इन्टर्नशिप पूरा गर्नुपर्ने व्यवस्था सर्वविदित थियो। यस व्यवस्थामा हाम्रो तर्फबाट कुनै परिवर्तन गरिएको छैन।

तपाईंहरू स्वयं पनि इन्टर्नशिपको गरिमा र महत्वबारे जानकार हुनुहुन्छ। ४.५ वर्षसम्म MBBS/BDS जस्तो अत्यन्त कठिन विषय अध्ययन गर्नु आफैंमा चुनौतीपूर्ण हुन्छ। त्यस अवधिमा प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारिक सीपमा रूपान्तरण गर्न निरन्तर अभ्यास आवश्यक हुन्छ भन्ने कुरा हामीले पनि बुझेका छौं र तपाईंहरूले पनि बुझ्नुभएको छ।

त्यसैले ४.५ वर्षको अध्ययनपछि प्राप्त ज्ञानलाई दक्ष चिकित्सकीय अभ्यासमा रूपान्तरण गर्न १ वर्षको इन्टर्नशिप अत्यावश्यक हुन्छ। यही अवधिमा Surgery, Medicine, Obstetrics & Gynecology, Allied Sciences, Critical Care, Emergency Medicine लगायतका विभिन्न विषयमा दिनरात मेहनत गरेर सिकाउनुपर्ने दायित्व हाम्रो हुन्छ र त्यति नै लगनशीलताका साथ सिक्ने दायित्व तपाईंहरूको हुन्छ। यस्तो महत्वपूर्ण शैक्षिक प्रक्रियालाई कुनै पनि बहानामा बीचमै अवरुद्ध गरियो वा अगाडि बढ्न दिइएन भने, त्यो विद्यार्थी, कलेज र समग्र स्वास्थ्य क्षेत्रका लागि अत्यन्त दुर्भाग्यपूर्ण हुनेछ।

तपाईंहरू हाम्रो कलेजमा ५.५ वर्षे MBBS/BDS कार्यक्रम अध्ययन गर्न भर्ना हुँदा तिर्नुभएको शुल्कमा ट्युसन शुल्क तथा MBBS/BDS अध्ययनसँग सम्बन्धित अन्य निर्धारित शुल्कहरू मात्र समावेश थिए। इन्टर्नशिप शीर्षकमा छुट्टै शुल्क हामीले कहिल्यै लिएका छैनौं।

विगतमा इन्टर्नशिपका लागि छुट्टै शुल्क लिने र त्यही रकमबाट केही रकम इन्टर्न चिकित्सकहरूलाई वितरण गर्ने प्रचलन अवश्य थियो। तर Medical Education Commission (MEC) स्थापना भएपछि इन्टर्नशिप शुल्क नलिने व्यवस्था लागू भयो। त्यसपछि हामीले पनि इन्टर्नशिप शुल्क नलिने र त्यस शीर्षकमा कुनै रकम असुल नगर्ने नीति अवलम्बन गरेका हौं।

विगतमा इन्टर्न चिकित्सकहरूलाई प्रोत्साहनस्वरूप रु. १,५०० क्रमशः रु. ३,०००, रु. ६,००० हुँदै हाल रु. १३,००० सम्म उपलब्ध गराइदै आएको छ । तर कुनै पनि कानुन, विश्वविद्यालयको पाठ्यक्रम वा नियामक व्यवस्थाले इन्टर्न चिकित्सकलाई अनिवार्य रूपमा निश्चित रकम भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छैन।

अब मूल प्रश्न उठ्छ 'इन्टर्नशिप भनेको के हो? के यो कलेजले आफ्ना लागि काम गराउने व्यवस्था हो, वा विश्वविद्यालयको अनिवार्य शैक्षिक पाठ्यक्रमको एक हिस्सा हो?

यदि इन्टर्नशिप विश्वविद्यालयको पाठ्यक्रमअन्तर्गतको अनिवार्य शैक्षिक प्रक्रिया हो भने, त्यसलाई श्रम सम्बन्ध वा पारिश्रमिकको विषयसँग जोड्नु उचित हुँदैन। संस्थाले आफ्नो क्षमता र सद्भावका आधारमा कुनै सुविधा उपलब्ध गराउने वा नगराउने विषय छुट्टै बहसको विषय हुन सक्छ, तर त्यसलाई कानुनी अधिकारका रूपमा दाबी गर्न मिल्दैन। हिजो कलेजले रु. १,५००, पछि रु. ३,०००, त्यसपछि रु. ६,००० हुँदै रु. १३,००० दिँदै आएकोमा तपाईहरुले आज रु. ३२,००० माग राख्नु भयो, भोलि रु. ५०,००० वा रु. १,००,००० पनि माग हुन सक्छ। यथास्थितिमा यो माग पुरा गर्न सम्भव हुँदैन।

त्यसैले २०२६ सम्म भर्ना भएका सबै विद्यार्थीहरूलाई हाम्रो हार्दिक अनुरोध छ 'तपाईंहरू ५.५ वर्षे MBBS/BDS कार्यक्रम अध्ययन गर्न तोकिएको शुल्क बुझाएर भर्ना हुनुभएको हो। त्यस सन्दर्भमा अहिले इन्टर्नशिप भत्ताको विषयलाई लिएर अध्ययन-अध्यापन तथा स्वास्थ्य सेवामा अवरोध सिर्जना हुने कुनै पनि गतिविधि गर्नु उपयुक्त हुँदैन।

भविष्यमा भर्ना हुने नयाँ ब्याचका हकमा भने हामी खुला संवाद गर्न तयार छौं। यदि इन्टर्नशिप अवधिमा रु. ३२,०००, रु. ५०,००० वा रु. १,००,००० सम्मको सुविधा दिनुपर्छ भन्ने धारणा छ भने, त्यसका लागि आवश्यक आर्थिक स्रोतको सुनिश्चितता पनि हुनुपर्छ। त्यस अवस्थामा हामी पनि Medical Education Commission, विश्वविद्यालय तथा सम्बन्धित निकायसँग आवश्यक स्रोत सुनिश्चित गरिदिन आग्रह गर्नेछौं। स्रोत सुनिश्चित भएमा, नियामक निकायले निर्धारण गरेको व्यवस्था कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं।

आज तपाईंहरूले रु. ३०,००० वा रु. ४०,००० को माग गर्नुहुन्छ भने, त्यसलाई भविष्यको शुल्क संरचनामा कसरी समावेश गर्ने भन्ने विषय पनि नियामक निकायसँग छलफलको विषय बन्नुपर्छ। राज्यले स्रोत सुनिश्चित गरिदिएमा, त्यसअनुसारको व्यवस्था कार्यान्वयन गर्न हामी तयार छौं। तर स्रोतको सुनिश्चितताविना त्यस्तो दायित्व वहन गर्नु सम्भव हुँदैन।

अन्त्यमा, २०२६ भन्दा अगाडिका सबै ब्याचका विद्यार्थीहरूलाई पुनः हार्दिक अनुरोध गर्दछौं 'कुनै पनि बहानामा विवाद सिर्जना गरेर स्वास्थ्य सेवा, बिरामीको उपचार तथा आफ्नै अध्ययन-अध्यापनमा प्रतिकूल असर पर्ने कार्य नगरौं। आगामी शैक्षिक सत्रदेखि भने सम्बन्धित निकायहरूले सुरुदेखि नै स्पष्ट नीति, शुल्क संरचना तथा उपलब्ध गराइने सुविधाबारे पारदर्शी व्यवस्था तय गरून् भन्ने हाम्रो पनि जोडदार आग्रह छ।

**हालको यथास्थितिमा माग गरिएअनुसारको व्यवस्था कार्यान्वयन गर्न सम्भव छैन।**

अब अर्को विषय '**श्रम शोषण** सम्बन्धी।

सबैभन्दा पहिले एउटा कुरा स्पष्ट हुनुपर्छ, **इन्टर्न चिकित्सकहरू कलेजका कर्मचारी (Employee) होइनन्।** तपाईंहरू अझै विश्वविद्यालयको अध्ययनक्रम पूरा गरिरहेका विद्यार्थी हुनुहुन्छ। तपाईंहरूले सैद्धान्तिक अध्ययन पूरा गर्नुभएको भए पनि अझै पूर्ण रूपमा दर्तावाल चिकित्सक (Licensed Medical Doctor) बन्नुभएको छैन।

कृपया आफूलाई **PG Residents** सँग तुलना नगर्नुहोस्। PG Residents भनेका एमबीबीएस उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलबाट दर्ता प्राप्त चिकित्सकहरू हुन्, जसले विशेषज्ञता अध्ययन गरिरहेका हुन्छन्। तर इन्टर्नसिप गरिरहेका विद्यार्थीहरू भने अझै विश्वविद्यालयको अध्ययनक्रम पूरा गरिरहेका विद्यार्थी नै हुनुहुन्छ।

तपाईंहरूले आफ्नो शैक्षिक अध्ययनको एउटा महत्त्वपूर्ण चरण पूरा गर्नुभएको छ, तर अझै अभ्यास गर्नुभएको छैन। त्यसैले कुनै पनि चरणमा तपाईंहरूलाई हामी पूर्ण रूपमा "डाक्टर" भनेर प्रस्तुत गर्न सक्दैनौं। त्यसमाथि, तपाईंहरूलाई "श्रमिक" भन्ने शब्द प्रयोग गर्नु पनि उपयुक्त हुँदैन, किनकि तपाईंहरू ५.५ वर्षे चिकित्साशिक्षा कार्यक्रमका विद्यार्थी हुनुहुन्छ। यो तथ्य कुनै पनि अभिव्यक्तिले परिवर्तन गर्न सक्दैन।

यदि तपाईंहरू आफैंलाई "श्रमिक" भन्नुहुन्छ भने, त्यसको अर्को पक्ष पनि स्वीकार गर्नुपर्छ। श्रमिक भन्नुको अर्थ श्रमको खरिद बिक्रीसँग जोडिएको सम्बन्ध हो। त्यस अवस्थामा हामीलाई पनि यो स्वतन्त्रता हुनुपर्छ कि हामी तपाईंहरूको श्रम खरिद गर्ने कि नगर्ने भन्ने निर्णय गर्न सकौं। यदि तपाईंहरू आफ्नो श्रम बेच्न चाहनुहुन्छ भने, हामीलाई पनि त्यो श्रम खरिद नगर्ने अधिकार हुनुपर्छ। यस्तो अवस्थामा "श्रम शोषण" भएको भन्ने प्रश्न नै उठ्दैन।

यदि विश्वविद्यालयले पनि यस विषयलाई अन्यथा नलिई आवश्यक स्पष्टिकरण गर्ने अवसर दिन्छ भने, अब उप्रान्त ४.५ वर्षको अध्ययन पूरा गरेका कुनै पनि MBBS/BDS विद्यार्थी हाम्रो अस्पतालमा आएर सिक्ने कि नसिक्ने, प्रायोगिक अभ्यास गर्ने कि नगर्ने, त्यो निर्णय पूर्ण रूपमा तपाईंहरूमा स्वतन्त्र हुनेछ। आउन मन लागे आउनुहोस्, मन नलागे नआउनुहोस्। हामी तपाईंहरूको डयुटी रोस्टर बनाउने छैनौं। तपाईंहरू सिक्न चाहनुहुन्न भने हामी कुनै दबाब दिने छैनौं। तर यदि सिक्न चाहनुहुन्छ भने, हामी दिनरात मेहनत गरेर तपाईंहरूलाई सिकाउन तयार छौं।

यदि तपाईंहरूको धारणा "यो मेरो काम होइन" भन्ने हो भने, हामी पनि त्यस्तो काम गराउन चाहँदैनौं। त्यसैले तपाईंहरू पूर्ण रूपमा स्वतन्त्र हुनुहुन्छ। जुन दिन आउनुहुन्छ, त्यो दिनको मात्र अभिलेख सम्बन्धित विश्वविद्यालयमा पठाइदिनेछौं। त्यसपछि आवश्यक निर्णय विश्वविद्यालयले नै गरोस्।

४.५ वर्षको अध्ययन पूरा भएपछि विश्वविद्यालयले तपाईंहरूलाई डिग्री प्रदान गर्छ। त्यसपछि इन्टर्नशिप गर्ने कि नगर्ने, कहाँ गर्ने, सरकारी संस्थामा जाने कि अन्यत्र जाने'त्यो तपाईंहरूको निर्णय हुनेछ। यदि त्यहाँ गएर पनि आफूलाई "श्रमिक" भन्नुहुन्छ भने, श्रमदान गर्ने कि श्रमको पारिश्रमिक प्राप्त गर्ने भन्ने विषय सम्बन्धित सरकार वा सम्बन्धित निकायसँग छलफल गर्नुहोस्। त्यो विषय हाम्रो अधिकार क्षेत्रभित्र पर्दैन।

हाम्रो सर्वोच्च नियामक निकाय विश्वविद्यालय हो। त्यसैले विश्वविद्यालयको नियम, पाठ्यक्रम र निर्देशनअनुसार नै हामीले काम गर्नुपर्ने दायित्व छ।

अन्त्यमा, एउटा कुरा मात्र भन्न चाहन्छु 'पढाउने हामी हौं, पढ्ने तपाईंहरू। हामी दुवै एउटै शैक्षिक प्रणालीका साझेदार हौं। हामी एकअर्काका विरोधी होइनौं, सहयात्री हौं। यदि हामीबीच अविश्वास र विभेद सिर्जना भयो भने त्यसको क्षति दुवै पक्षलाई हुन्छ, र हामीमध्ये कसैले पनि अपेक्षित लक्ष्य हासिल गर्न सक्दैनौं।

सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू 'कृपया आफ्नो विवेक प्रयोग गर्नुहोस्। कसैको बहकाउमा नलाग्नुहोस्। आन्दोलन, अनशन वा टकरावबाट तपाईंहरूको भविष्य उज्ज्वल हुँदैन। सकेसम्म छिटो आफ्नो इन्टर्नसिप सफलतापूर्वक सम्पन्न गर्नुहोस् र त्यसपछि आफ्नो चिकित्सकीय भविष्य सपना निर्माणतर्फ पूर्ण समर्पणका साथ अघि बढ्नुहोस्।

आजको दिनमा अवसरहरू सीमित हुँदै गएका छन्, सिट घट्दै गएका छन् र प्रतिस्पर्धा दिनप्रतिदिन बढिरहेको छ। त्यसैले आफ्नो समय र ऊर्जा सकारात्मक दिशामा प्रयोग गर्नुहोस्।

राज्यले आवश्यक स्रोत सुनिश्चित नगरेसम्म कलेज वर्तमान व्यवस्थाभन्दा फरक निर्णय गर्न सक्ने अवस्थामा छैन। तपाईंहरूको उज्ज्वल भविष्यको हार्दिक शुभकामना व्यक्त गर्दै, **धन्यवाद।**

**सचिवालय**
**एसोसिएसन अफ प्राईभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपाल**